आज मिति २०७६/१२/२५ गतेका दिन विहान ९ :०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

क्र.सं.	नामथर	पद	हस्ताक्षर
१)	श्री नृप वहादुर वड	नगर प्रमुख	
२)	श्री सुशीला मिश्र भट्ट	नगर उप- प्रमुख	
३)	श्री सन्तोष मुडभरी	कार्यपालिका सदस्य	
४)	श्री नर वहादुर बम	कार्यपालिका सदस्य	
५)	श्री वल वहादुर ऐर	कार्यपालिका सदस्य	
६)	श्री दिपक कुमार थापाक्षेत्री	कार्यपालिका सदस्य	
७)	श्री हिरा सिंह पालती	कार्यपालिका सदस्य	
८)	श्री भागीराम चौधरी	कार्यपालिका सदस्य	
९)	श्री सिताराम राना	कार्यपालिका सदस्य	
१०)	श्री नारायण प्रसाद वराल	कार्यपालिका सदस्य	
११)	श्री प्रेम भण्डारी	कार्यपालिका सदस्य	
१२)	श्री राजेन्द्र राना	कार्यपालिका सदस्य	
१३)	श्री गंगा राम राना	कार्यपालिका सदस्य	
१४)	श्री गणेश प्रसाद जोशी	कार्यपालिका सदस्य	
१५)	श्री विजय राज जोशी	कार्यपालिका सदस्य	
१६)	श्री राम वजारी चौधरी	कार्यपालिका सदस्य	
१७)	श्री फुल राम चौधरी	कार्यपालिका सदस्य	
१८)	श्री लक्ष्मी नारायण चौधरी	कार्यपालिका सदस्य	

१९)	श्री माधव राना	कार्यपालिका सदस्य	
२०)	श्री मुरारी अधिकारी	कार्यपालिका सदस्य	
२१)	श्री तिलु राम चौधरी	कार्यपालिका सदस्य	
२२)	श्री सिता राना	कार्यपालिका सदस्य	
२३)	श्री वसन्त कुमार ठाकुर	कार्यापालिका सदस्य	
२४)	श्री कल्याणी सिंह	कार्यापालिका सदस्य	
२५)	श्री गीता पन्त	कार्यपालिका सदस्य	
२६)	श्री यशोदा भण्डारी	कार्यपालिका सदस्य	
२७)	श्री प्रेम वहादुर वि.क.	कार्यपालिका सदस्य	
२८)	श्री रिष्नी देवी चौधरी	कार्यपालिका सदस्य	
२९)	श्री प्रेम सिह विश्वकर्मा	कार्यपालिका सदस्य	
३०)	श्री नारायण प्रसाद सापकोटा	प्रमुख प्रशासकीय अधिकृत	
३१)			
३२)			
३३)			
३४)			
३५)			

निर्णय नं. १ :- कोभिड – १९ रोग नियन्त्रण गरी धनगढी उप-महानगरपालिका स्थित सबै वार्डका (१-१९) नगर वासीहरुलाई उल्लिखित संक्रमणको जोखिमबाट बच्न तपशिल बमोजिमको रणनीति तय गर्ने निर्णय गरियो । साथै राहत वितरण सम्बन्धमा नेपाल सरकारले मिति २०७६/१२/१९, च.न.४३९ को पत्रानुसार प्रेषित राहत वितरण निर्देशिका (नमुना) अनुसार नै धनगढी उप-महानगरको नाममा राहत वितरण मापदण्ड २०७६ स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त कार्यविधि मापदण्ड २०७६ आजैका मितिबाट लागु गर्ने निर्णय गरियो ।

कोरोना संक्रमक रोग नियन्त्रण (Prevention) सम्बन्धमा तपशिल बमोजिमको कार्यनीति अवलम्बन गर्ने निर्णय गरियो ।

१. शिविर संचालनको लागि बाँकी बजेट रकम समेत रु ७,००,०००।– (अक्षरुपी सात लाख) समेत कोरोना (कोभिड - १९) रोग नियन्त्रणको लागी औषधी र सरसफाई जन्य सामानको लागी तत्काल सिधै खरिद गरेकोमा भुक्तानी लेख्ने । छिटो सेवा प्रदान गर्न सिधै तत्काल खरीद गर्ने गरी रकमान्तर गरियो साथै निर्णय गरियो ।
२. यस अघिको कार्यपालिका बैठकबाट कोरोना व्यवस्थापनमा रकमान्तर भएको बजेट रकम रु. १०,००,०००।– (अक्षरुपी दस लाख) बाट तत्काल कोरोना व्यवस्थापन र नियन्त्रणको लागी सिधै गरिएको औषधी खरिद र सेनिटेसनका सामान खरिद को सिधै खरिद प्रक्रियालाई समर्थन गरी भुक्तानी लेख्ने ।
३. नगरपालिकाले उल्लिखित निर्णयानुसार पारित गरेको राहत वितरण मापदण्ड २०७६ बमोजिम तपशिल बमोजिम राहत वितरणको लागी खरिद कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।
४. नगरपालिकाले यस पूर्व राहत वितरणको लागी खरिद गरेको दाल, चामल, नुन, तेल, तरकारीहरुको खरिद दर लाई स्वीकृत गर्दै भुक्तानीको लागि अख्तियारी प्रदान गरियो । श्रोतको हकमा नेपाल सरकार अर्थ मन्त्रालयले विभिन्न शिर्षक कोभिड-१९ रोग नियन्त्रणका लागि खर्च गर्न अख्तियारी दिइएको आधारमा सम्बन्धित शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।
५. कोभिड -१९ रोग नियन्त्रणको लागि देशै भरी मिति २०७६/१२/११ देखी क्याविनेट को निर्णयनुसार लकडाउन मा रहेकोले सो अवधिमा श्रमजीवी ज्यालादारी, असहायको लागी तोकिएको मापदण्ड अनुसार राहत वितरण गर्न तपशिल अनुसारको राहत वितरणको लागी बजारको चलनचल्ती अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।
   - चामल मोटा प्रति किलो अधिकतम ४० रुपयाँ ।
   - दाल मुसुरो प्रति किलो अधिकतम ११० रुपयाँ ।
   - दाल मिक्स प्रति किलो अधिकतम ११० रुपयाँ ।
   - तोरी तेल प्याकेट (धारा वा सो सरह) अधिकतम प्रतिलिटर १७० रुपयाँ ।
   - नुन प्रतिकिलो २५ रुपयाँ ।

   साथै उल्लिखित स्वीकृत दररेट भित्र चामल हाललाई १०० (एक सय) क्वीन्टल, दाल (मिक्स) मुसुरो ४० क्वीन्टल, तेल (तोरी) २००० (दुई हजार) लिटर हाललाई सिमा तोक्ने निर्णय गरियो । साथै उल्लिखित राहत मालसामान खरिद

गर्न अर्थ मन्त्रालयको पत्रानुसार, प्रदेश मुख्य मन्त्री कार्यालयको पत्रानुसार वित्तिय समानीकरण, राजस्व वाँडफाँड र आन्तरीक आय शिर्षकबाट खर्च लेख्ने अख्तियारी प्रदान गरियो।

साथै विषम परिस्थितीमा उल्लिखित सामान सिधै खरिद गर्ने र आवश्यक परेमा कोभिड – १९ रोग नियन्त्रण, रोकथाम गर्न आवश्यक औषधि खरिद गर्न सरसफाई जन्य सामान खरिद गर्न, सेनिटाईजर खरिद गर्न उल्लिखित वित्तिय समानीकरण, राजस्व बाँडफाँट र नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने अख्तियारी प्रदान गरियो।

६. उल्लिखित अवस्था बाहेक विशेष अवस्थामा बजेट नपुग भएमा र थप सामान, परिमाणमा सामान खरिद गर्नु परेमा प्रमख प्रशासकीय अधिकृत लाई उल्लिखित स्वीकृत दररेटमा खरिद गर्न अख्तियारी प्रदान गरियो।
७. राहत वितरण को लागी सामान वडा अध्यक्षलाई हस्तान्तरण गरी वडा अध्यक्षलाई जिन्सी पेश्की दिने र वडा अध्यक्ष मार्फत सम्बन्धित व्यक्तिको भर्पाइ पेश गर्न सम्बन्धित वडा अध्यक्षलाई जिम्मेवार गराउने निर्णय गरियो।

निर्णय नं. २ :-सार्वजनिक खरिद नियमावली प्रस्तावित २०७६ छलफल गरी राय सहित पेश गर्न आजैका मितिमा बिधायन समितिमा पठाउने निर्णय गरियो।

निर्णय नं. ३ :- कोभिड-१९ रोकथाम, नियन्त्रण को लागि खटिएका स्वास्थ्यकर्मीहरु, कार्यालय प्रमुख लगायत खटिएका अधिकृत र अन्य कर्मचारीहरु लाई बिहान, बेलुका खटिई हाजिर प्रमाणित गरेको आधारमा मिति २०७६/१२/११ देखी २०७७ बैशाख ३ गते विहान ११:५९ बजे सम्मको लागी विहान, बेलुका दुई सिफ्ट गरी प्रतिदिन खाजा, खाना खर्च अर्थ मन्त्रालयको नम्स अनुसार सुविधा उपलब्ध गराउने निर्णय गरियो। साथै श्रोतको हकमा वित्तिय समानीकरण अनुदान, राजस्व वाँडफाँड र न.पा को आन्तरीक आयबाट खर्च (भुक्तानी) लेख्ने निर्णय गरियो।